# सर्वोच्च अदालतको

# सूचना

मिति : २०७६।०६।२८

सर्वोच्च अदालतको न्यायाधीश तथा लामो समय कानून व्यवसायमा रही न्याय, कानून र मानव अधिकारको क्षेत्रमा राष्ट्रलाई योगदान पुऱ्याउनुभएका सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री अवधेशकुमार यादवलाई हामी उच्च सम्मानका साथ स्मरण गर्दछौं। मिति २०४८।०७।१८ बाट तत्कालीन पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीशको रूपमा न्याय सेवामा प्रवेश गरी मिति २०६५।१०।०९ देखि मिति २०६८।०९।१९ सम्म सर्वोच्च अदालतको न्यायाधीश पदमा कार्यरत रहनुभएका उहाँको मिति २०७६।०६।२५ गते भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं।

स्वर्गीय यादव अन्तर्राष्ट्रिय कानून तथा देवानी र फौजदारी कानूनका क्षेत्रमा विशेष दखखल राख्ने, लगनशील, मिलनसार, सहृदयी, मृदुभाषी एवम् अनुभवी न्यायिक व्यक्तित्वको रूपमा स्थापित हुनुहुन्थ्यो। उहाँको निधनबाट न्याय र कानूनका क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको दुःखद् घडीमा उहाँको आत्माको चीर शान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरिएको व्यहोरा मिति २०७६।०६।२८ मा आकस्मिक रुपमा बसेको सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

प्रशासन महाशाखा